रामग्राम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

**परासी, नवलपरासी (ब.सु.प.)**

**लुम्बिनी प्रदेश, नेपाल**

प.सं.: २०७९/०८०

च.नं :

**स्थानीय विषयको पाठ्यपुस्तक लेखन कार्यको लागि प्रस्ताव माग सम्बन्धी सूचना ।**

**(सूचना प्रकाशन मिति २०७९/११/१२)**

प्रस्तुत विषयमा यस न.पा. को आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत आधारभूत तहको (कक्षा ४-८) स्थानीय विषयको पाठ्यपुस्तक तयारी गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक विज्ञ/फर्म/कम्पनी/संस्थाले देहायका विवरण सहित सिलबन्दी प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ ।

१) सम्बन्धित काम गर्न अनुमति प्राप्त विज्ञ/फर्म/कम्पनी/संस्थाले मात्र यस कार्यको लागि प्रस्ताव पेश गर्नुपर्ने छ ।

२) आ.व. २०७८/०७९ को कर चुक्ता गरेको हुनुपर्ने छ ।

३) प्राविधिक तथा आर्थिक प्रस्तावको दस्तावेज राजश्व शाखामा रु.१००० तिरी शिक्षा, यूवा तथा खेलकुद शाखाबाट मिति २०७९/११/२६ गते कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

४) विज्ञ/फर्म/कम्पनी/संस्थाका विज्ञ समुहले **'हाम्रो रामग्राम'** नामक स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयारीको लागि तोकिएको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव तयार गरी पेश गर्नुपर्ने छ । प्रस्तावकले तोकिएको ढाँचामा प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरी छुट्टाछुट्टै सिलबन्दी खाम तयार गरी पून : एउटै खाममा सिलबन्दी गरी शिक्षा शाखामा पेश गर्नुपर्ने छ । सिलबन्दी नभएको खामलाई मूल्यांकनमा समावेश गरिने छैन ।

५) विज्ञको न्यूनतम शैक्षिक योग्यता स्नात्तकोत्तरतह उतीर्ण भएको हुनुपर्ने छ । सो भन्दा माथिल्लो योग्यता भएकालाई प्राथमिकता दिइने छ ।

६) उक्त प्रस्तावहरु मिति २०७९/११/२७ गते १४ बजे भित्र यस कार्यालयमा दर्ता गरी शिक्षा यूवा तथा खेलकुद शाखामा बुझाई सक्नुपर्ने छ । उक्त समय पछि प्राप्त प्रस्तावलाई मूल्यांकनमा समावेश गरिने छैन । उक्त दिन बिदा परेमा सोको भोलीपल्ट सोही समय भित्र बुझाइ सक्नुपर्नेछ ।

७) रितपूर्वक पेश भई आएका प्रस्तावहरु सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा मिति २०७९/११/२७ गते १६:०० बजे खोलिने छ । तोकिएको समयमा प्रस्ताव दर्तावाला वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सोको भोलीपल्ट सोही समयमा खोलिनेछ ।

८) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ ।

९)विज्ञ/फर्म/कम्पनी/संस्थाको कम्तिमा देहाय बमोजिमको कार्य अनुभव हुनुपर्दछ ।

क) विद्यालय वा विश्वविद्यालयमा कम्तीमा ५ वर्ष अध्यापन/प्रध्यापन सम्बन्धी अनुभव भएको ।

ख) विद्यालय वा उच्च शिक्षाको पाठ्यपुस्तक लेखन अनुभव भएको ।

# रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०७९/०८०
च.नं :

रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय परासी, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश

ग) स्थानीय विषयको पाठ्यपुस्तक लेखन अनुभव भएकालाई प्राथमिकता दिइने छ ।

घ) कम्प्युटर टाइपिङ्ग, डिजाइनिङ्ग आदि कार्यको अनुभव भएको जनशक्ति हुनुपर्दछ ।

१०)प्रस्ताव छनौट हुने विज्ञ/फर्म/कम्पनी/संस्थाले मुख्य रुपमा देहायका प्रकृतिका कार्य सम्पादन गर्नुपर्ने छ ।

क) स्थानीय पाठ्यक्रम "हाम्रो रामग्राम" (कक्षा १-८) मा आधारित भई पाठ्यपुस्तक लेख्नुपर्ने छ । पाठ्यक्रमको सक्षमता, कक्षागत सिकाई उपलब्धि पुरा हुने पाठयपुस्तक तयार गर्नुपर्ने छ । पाठ्यपुस्तकको मस्यौदा स्थानीय विषयको पाठ्यपुस्तक मूल्याङ्कन तथा सिफारिस समितिले अध्ययन गर्ने छ । पाठ्यक्रमको मर्म अनुसार भएको नपाइएमा सुझाव सहित पून : लेखन कार्य टोलीलाई फिर्ता गर्ने छ र सो सुझाव अनुसार मस्यौदालाई अन्तिम रुप दिनुपर्ने छ ।

ख) पाठ्यपुस्तक लेखन गर्दा कक्षा ४ देखि ८ सम्मको छुट्टाछुट्टै तयारी गर्नुपर्ने छ ।

ग) पाठ्यपुस्तकको अन्तिम मस्यौदा तयार गरी छपाईका लागि तयारी प्रति (PRC) को हार्ड कपी र सफ्ट कपी उपलब्ध गराउनुपर्ने छ ।

घ) पाठ्यपुस्तक लेखन सम्बन्धी कार्यको अभिमुखीकरण, सरोकारवालाहरुसँगको सुझाव संकलनका लागि हुने कार्यशाला, पाठ्यपुस्तकको मस्यौदाको अध्ययन र छलफल जस्ता कार्यमा शिक्षा, यूवा तथा खेलकुद शाखाले सहजीकरण गर्ने छ । शिक्षा, यूवा तथा खेलकुद शाखा र स्थानीय विषयको पाठ्यपुस्तक मूल्याङ्कन तथा सिफारिस समितिले दिएको सुझाव कार्यान्वयन गर्ने दायित्व सेवा प्रदायकको हुने छ ।

ङ) सेवा प्रदायकले नगरपालिकाको संरचना, काम, कर्तव्य, अधिकार, परिवेश, भेषभूषा, धर्म संस्कृति, भाषा, प्राकृतिक तथा सांस्कृतिक र पर्यटकीय क्षेत्रका विषयमा जानकारी प्राप्त गरेको हुनुपर्ने छ । यस्ता विषयमा स्थलगत अध्ययन गरी सन्दर्भ अनुसार पाठ्यपुस्तकमा समावेश गर्नुपर्ने छ ।

च) पाठ्यपुस्तकको मस्यौदा नगरपालिकाबाट स्वीकृत भएपछि नगरपालिकाले छपाई गरी एक वर्षको परिक्षणकाल रहने गरी कार्यान्वयनमा ल्याउने छ । उक्त परिक्षणकाल भित्र स्थानीय पाठ्यपुस्तकमा प्रस्तुत विषयवस्तु (तथ्य/तथ्यांकहरु, चित्रहरु, क्रियाकलापहरु) मा प्रश्न उठी सुझाव प्राप्त भएमा सोको मिलान गर्ने काममा समेत पाठ्यपुस्तक लेखन कार्य गर्ने विज्ञ/फर्म/कम्पनी/संस्थाले सहजीकरण गर्नुपर्ने छ ।

११) प्रस्ताव सँग देहायका कागजात संलग्न गर्नुपर्ने छ ।

क) विज्ञ/फर्म/कम्पनी/संस्था दर्ता/नवीकरण प्रतिलिपी,

ख) मूल्य अभिवृद्धि कर (VAT) को प्रमाणपत्र,

रामग्राम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.: २०७९/०८०
च.नं :

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश

ग) आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाण ।

घ) विज्ञ/फर्म/कम्पनी/संस्थाको परिचय

ङ) विज्ञ/फर्म/कम्पनी/संस्थाकाको कार्यसमितिको विवरण

च) विज्ञ/फर्म/कम्पनी/संस्थाको मूख्य सर्म्पक व्यक्तिको विवरण,

छ) विज्ञ/फर्म/कम्पनी/संस्थाको प्राविधिक जनशक्ति विवरण (अनुभव सहित)

ज) विज्ञ/फर्म/कम्पनी/संस्थाले हाल सम्म गरेको कार्य अनुभव संक्षेपमा उल्लेख गर्ने र अनुभवका प्रमाणहरु संलग्न गर्नुपर्ने ।

१२) प्राविधिक प्रस्तावको मूल्यांकन, बोलपत्र मूल्यांकन समितिले तयार गरेको मूल्यांकनका आधार बमोजिम १०० पूर्णांकमा गरिने छ र उत्तीर्णंक ७०% (७० अंक) कायम गरिएको छ ।

१३) प्रस्ताव छनौट गर्दा "गुणस्तर विधि" को अवलम्बन गरिने छ । प्राविधिक प्रस्ताव मूल्याङ्कन गरेपछि मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

१४) कक्षा ४ देखि ८ सम्मको पाठ्यपुस्तकको पहिलो मस्यौदा तयारी गरी २०८० बैशाख मसान्त भित्रमा यस नगरपपालिकामा बुझाउनुपर्नेछ । र २०८० जेठ मसान्त सम्म अन्तिम मस्यौदा तयार गरी उपलब्ध गराइसक्नुपर्नेछ ।

१५) यस सम्बन्धमा थप जानकारी लिन परेमा शिक्षा, यूवा तथा खेलकुद शाखामा सम्पर्क राख्न सक्नु हुनेछ ।

१६) अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

**मुख्य कार्यक्रम :-**

| कार्यक्रम | अधिकतम बजेट |
|---|---|
| १. कक्षा ४ देखि ८ सम्मको स्थानीय विषयको पाठ्यपुस्तक लेखन (तयारी) कार्य | रु.१६,००,०००/- |
| **जम्मा** | **रु.१६,००,०००/-** |